# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ७ २०८२ चैत्र ९ गते

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका मर्मत संभार तथा पूननिर्माण कोष संचालन कार्यविधि, २०८२

# मर्मत संभार तथा पूननिर्माण कोष संचालन कार्यविधि, २०८२

**प्रमाणित मिति**

२०८२/०९/१६

**प्रकाशित मिति**

२०८२/१२/०९

संवत् २०८२ सालको कार्यविधि नं. ११

मर्मत संभार तथआ पूननिर्मार्ण कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

**प्रस्तावनाः** सामाजिक र आर्थिक क्षेतरको विकासको लागि भौतिक पुर्वाधारले महत्वपूर्ण भूमिका खेलेका हुन्छ। भौतिक पुर्वाधार, विपद्बाट क्षतिग्रस्त तथा प्रभावित भएका छायाँनाथ रारा नगरपालिका अन्तर्गतका पूर्वाधार तथा संरचनाहरूको मर्मत, सम्भार, पुनर्निमाण र दिगो गर्नको लागि त्यस्ता पुर्वाधारको नियमित मर्मत सम्भार गर्नुपर्ने हुन्छ। स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफआ ११ को उपदफा (२) को खण्ड (ट) को उपखण्ड (२) र (३) ले नगरपालिकाले स्थानीय ग्रामिण तथा कृषि सडक, झुलुङ्गे पुलपुलेसा, सिँचाई त रटबन्ध सम्बन्धी गुरूयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नती, अनुगमन तथा नियमन ग्रनुपर्ने, छायाँनाथ रारा नगरपालिका आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निमाण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०८२ को दफा ४ मा सर्वसाधारणको दैनिक जीवनयापनमा महत्वपूर्ण प्रभाव पर्ने र तत्काले निर्माण गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण कार्यको लागि मर्मत सम्भार तथा पुनर्निमाण कोषबाट खर्च गर्न सक्ने भनि उल्लेख छ। अत्यावश्यक भौतिक पूर्वाधारहरूको आकस्मिक अवरूद्धका कारण आम जनता तथा सेवाग्रहीलाई पर्न सक्ने हानी नोक्सानीको न्यूनिकरण गर्न, नगरपालिका भित्र रहेका प्राकृतिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदाहरू, स्थानीय पूर्वाधारहरूको नियमित तथा आकस्मिक संरक्षण, मर्मत सम्भार, पुनर्निमाण गर्नको लागि कोष स्थापना गरी कार्य गर्दा त्यसले मर्मत सम्भार कार्य व्यवस्थिय तथा विधिसँगत ढँगले सम्पन्न गर्न सहज हुने वाण्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३, छायाँनाथ रारा नगरपालिका नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाको नगर सभाले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "मर्मत सम्भार तथा पुननिर्माण कोष सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात छायाँनाथ रारा नगरपालिका भित्र लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) "ऐन" भन्नाले छायँनाथ रारा नगरपालिकाको नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले छायाँनाथ रारा नगरपालिकाको मर्मत सम्भार तथा पुनर्निमाण कोष सम्झुनपर्छ।

(ग) "मर्मत सम्भार तथा पुनर्निमाण" भन्नाले बाढी, पहिरो, नदि कटान र भुकम्पबाट क्षति भएका संरचनाको मर्मत सम्भार तथा पुनर्निमाण सम्झनुपर्छ।

(घ) "विपद" भन्नाले बाढी, पहिरो, जल उत्पन्न प्रकोप र भुकम्प सम्झुनपर्छ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले यसै कार्यविधिको दफा ४ बमोजिम मर्मत सम्भार तथा पुनर्निमाण कोष व्यवस्थापन समिति सम्झनुपर्छ।

(च) "मापदण्ड" भन्नाले छायाँनाथ रारा नगरपालिका आकस्मिक कोष, मर्मत सम्भार तथा पुनर्निमाण कोष तथा आर्थिक सहायता वितरण कोषबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०८२ लाई सम्झनिपर्छ।

(छ) "नियमित मर्मत सम्भार" भन्नाले पूर्वाधारलाई बिग्रन नदिन, ठूलो क्षति हुनबाट जिगाउनु र संरचनालाई सधैं चालु अवस्थामा राख्न वर्षैभरि गरिने ससना कार्यहरू जस्तैः सडकको नाली सफा गर्ने, पुलको रङ्गरोपन गर्ने, बाटो छेउका झारपात काट्ने वा खानेपानीको पाइपको सानो चुहावट टाल्ने जस्ता कार्यहरूलाई सम्झनुपर्छ।

(ज) "पटके मर्मत सम्भार" भन्नाले वर्षमा एक वा दुई पटक आवश्यकता अनुसार निश्चित अन्तरालमा गरिने मर्मत, सामान्य टुटफुटलाई तत्काल सुधारेर पूर्वाधारको आयू बढाउने खालका कार्य जस्तै सडकका साना खाल्डाखुल्डी पुर्ने (Pothole patching), सडकका चिन्हहरू फेरि कोर्ने, वा वर्षातपछि थुप्रिएको पहिरो हटाउने कार्यहरूलाई सम्झनुपर्छ।

(झ) "आवधिक मर्मत सम्भार" भन्नाले केही वर्षको अन्तरालमा (सामान्यतया ३ देखि ७ वर्षमा) गरिने ठूलो स्तरको मर्मत, खिईएको वा पुरानो भएको संरचनालाई नयाँ जस्तै मजबुत बनाउने जस्था कार्य जस्तै कालोपत्रे सडकमा थप एक तह पिच थप्ने (Overlay), पुलको मर्मत गर्ने, सिँचाई सम्बन्धी संरचना, विपद् बाट जोखिममा रहेका संरचना, खानेपानी सम्बन्धी संरचना, स्वास्थ्य तथा विद्यालय भवन, ऊर्जा उत्पादन सम्बन्धी संरचनाको मर्मत गर्ने वा ठूला मेसिनरीहरूको ओभरहलिङ (Overhauling) गर्ने कार्यहरू सम्झनुपर्छ।

(ञ) "आसस्मिक मर्मत सम्भार" भन्नाले कुनै मेसिन, उपकरण वा भौतिक संरचना अचानक बिग्रिएर सेवा ठप्प भएपछि वा ठूलो क्षति हुने अवस्था सिर्जना भएपछि गरिने तत्काल सुधारको कार्यलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## कोषको उद्देश्य र व्यवस्थापन समितिको गठन

३. **उद्देश्यः** (१) यस मर्मत सम्भार कोषको उद्देश्य देहाय बमोजिम रहेको छ,

(क) यस कार्यविधिको प्रमुख उद्देश्य छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र रहेका, सडक, सडक खल्डाखुल्डी, खानेपानी, सार्वजनिक भौतिक सैरचना (मन्दिर, पाटी, पौवा, विद्यालय भवन, नगर कार्यपालिका भवन, वडा कार्यालय भवन आदि) को नियमित तथा आकस्मिक मर्मत सम्भार गरी तीनिहरूको दिर्घकालिन उपयोग गर्नु रहेको छ।

(ख) मर्मत सम्भारको योजना गर्ने, मर्मत सम्भारका लागि स्थानीयको सहकार्य जुटाउने, मर्मत सम्भारको लागि आर्थिक स्रोत जुटाउने।

(ग) छायाँनाथ रारा नगरपालिका भित्र रहेका ठुला तथा साना भौतिक पुर्वाधारहरूको अवस्था बषै भरी दुरूस्तै राखी साना तिना बाधा अफ्ठ्याराहरूलाई तुरून्तै समाधान गरी आम जनतालाई आत्तावश्यक सेवा सुविधाको सहज र सरल उपलब्धताको महसुस गराउनु।

(घ) नगरपालिकाको योजनाहरूमा नपरेका तर तत्काल मर्मत गर्नै पर्ने भौतिक पुर्वाधारहरूको मर्मत गर्ने,

(ङ) विपद् तथा अन्य कारणबाट भौतिक पुर्वाधारहरूमा हुन आउने क्षतिको तुरून्त निराकरण गर्ने,

(च) महत्वपुर्ण स्थल तथा मुहानहरूको सम्भारका लागि पहल गर्ने,

(छ) नगरपालिका भित्र रहेका पुर्वाधारहरूको उचित व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत सुधार गर्ने,

(ज) भवन तथा पूर्वाधारहरूको नाजुक अवस्थालाई व्यवस्थापन गर्ने,

(झ) मर्मत सम्भार क्षेत्रमा काम गर्ने सबै निकायहरूका बिच सम्न्वय गर्न आवश्यक वातावरण मिलाउने,

(ञ) विपद् बाट अवरूद्ध भौतिक पूर्वाधारहरूबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने,

(ट) सानातिना विपद्का घटनाहरूबाट हुन आउने बृहत क्षतिलाई न्यूनिकरण गर्ने।

४. **<u>व्यवस्थापन समितिको गठनः</u>** (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगरपालिका प्रमुखले तोकेको वडा अध्यक्ष मध्येबाट एक जना - सदस्य

(घ) नगरपालिका प्रमुखले तोकेको नगरकार्यपालिका सदस्य मध्येबाट एक जना - सदस्य

(ङ) लेखा प्रमुख - सदस्य

(च) प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक सम्तिमा चार महिनामा एक पटक बस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ।

(३) बैठक बसेको बखत बैठक भत्ता छायाँनाथ रारा नगरपालिकाको सार्वजनिक खर्च (पहिलो संशोधन) मापदण्ड, २०८० अनुसार हुनेछ।

(४) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रूपमा राख्न सकिने छ।

५. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकामा रहेका सडकहरूको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउने,

(ख) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नका लागि श्रोत र साधनको खोजी गर्ने,

(ग) भौतिक पुर्वाधार मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत् सम्बन्धी कार्यको योजना बनाउने,

(घ) मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायको खोजी गर्ने,

(ङ) भौतिक पुर्वाधार मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउने,

(च) भौतिक पुर्वाधार मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा निरिक्षण गर्ने वा गराउने,

६. **<u>अध्यक्षका काम, कर्तव्य र अधिकारः</u>** (१) अधयक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने वा गराउने,

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथआ कामको आवश्यक समन्वय गर्ने,

(ङ) कोषका निर्णयहरू सार्वजनिक गरि पारदर्शिता कायम गराउने,

(च) कोषको वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने वा गराउने,

(छ) कोषको बैठक सहभागितात्मक रूपमा गराउने,

(ज) कोषको योजना तर्जुमा तथा सोको स्वीकृत गर्न गराउन आवश्यक कारवाही गर्ने वा गराउने

(झ) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने वा गराउने,

(ञ) कोषका तर्फबाट अन्य निकाय, संघसंस्था संग सम्झौता गर्नुपर्ने भए गर्ने वा गराउने,

(ट) कोषका कामको अनुगमन मूल्याङ्कन गर्ने वा गराउने।

७. **<u>सदस्य सचिवका काम, कर्तव्य र अधिकारः</u>** (१) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहमा छलफलका विषयबस्तुहरू तयार गरि निर्णायार्थ बैठकमा पेश गर्ने,

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने,

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने,

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने,

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृत र कार्यान्वयन गर्न आवश्यक कारवाही गर्ने,

(छ) कार्यक्रमहरुको अनुगमन गर्ने वा गराउने,

(ज) कोषको चलअचल समपत्तिको संरक्षण गर्ने वा गराउने।

८. **<u>सदस्यका काम, कर्तव्य र अधिकारः</u>** (१) सदस्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने,

(ख) अध्यक्षकोकायम सहयोग पुर्याउने,

(ग) तोकिएको जिम्मेवारीलाई पुरा गर्ने,

(घ) बैठकमा निर्णयमा पुग्न मतउन गर्नु पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य दायोत्व निर्वाह गर्ने,

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुर्याउने।

## परिच्छेद-२
## <u>कोष स्थापना</u>

९. **<u>कोषको स्थापनाः</u>** (१) मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

(क) नेपाल सरकारबाट मर्मत सम्भार कोषको लागि भनी तोकिदिएको रकम,

(ख) स्थानीय तह कार्यपालिका वा नगर सभाबाट मर्मत सम्भारको लागि छुट्टाइएको रकम,

(ग) स्थानीय गैर सरकारी संघसंस्थाबाट मर्मत सम्भारको लागि प्राप्त रकम,

(घ) अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाबाट मर्मत सम्भारको लागि प्राप्त रकम,

(ङ) अन्य निकायहरूबाट मर्मत सम्भार कोषमा जम्मा हुने गरी तोकिदिएको रकम,

(च) व्यक्ति वा सस्थाबाट मर्मत सम्भार कोषमा उपलब्ध गराएको रकम।

(२) यो कार्यविधि लागु हुनु भन्दा अगाडी मर्मत सम्भारको लागि स्थापना भएको कोष यसै कार्यविधिको दफा ५ बमोजिमकै कोष भएको मानिनेछ।

(३) छायाँनाथ रारा नगरपालिकामा अवस्थित सडक, खेलमैदान, खानेपानी, सिँचाई, ढलनिकास जस्ता भौतिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक पुर्वाधारहरूको आवश्यक परेका बखत तुरून्तै मर्मत तथा सम्भार गर्नु वा गराउनु नै यस कोषको अवधारणा हुनेछ।

१०. **<u>कोष सञ्चालनः</u>** (१) कोषको नाममा प्राप्त हुन आएको रकम छायाँनाथ रारा नगरपालिकाको कार्यालयको मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिनेछ,

(२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ,

(४) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ।

११. **<u>कोषबाट हुने खर्चः</u>** (१) मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिने छ।

(क) भौतिक पुर्वाधारहरू नियमित मर्मत सम्भार,

(ख) भौतिक पुर्वाधारहरू पटके मर्मत सम्भार,

(ग) भौतिक पुर्वाधारहरू आवधिक मर्मत सम्भार,

(घ) आकस्मिक मर्मत सम्भार।

(२) दफा ३ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिले मर्मत सम्भारको निम्ती आवश्यकता महशुस गरी तत्काल मर्मत गर्नको लागि छुट्ट्याएको रकम।

१२. **<u>मर्मत सम्भार कार्य गराउने व्यवस्थाः</u>** (१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा नगरपालिका भित्र रहेका भौतिक पुर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रूपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाएर र अमानतबाट समेत मर्मत सम्भार प्रभावकारी रूपमा सञ्चालन गरिने छ।

(२) उपभोक्ता समितिबाट कार्य गराउदा नगरपालिकाबाट स्वीकृत उपभोक्ता समिति कार्यविधि अनुसार गरिनेछ।

(३) भौतिक पुर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार संघीय तथा छायाँनाथ रारा नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०८० को अधिनमा रही गराउन सक्नेछ।

(४) उपदफा (१) र (३) मा जुन सुकै कुरा लेखिएको भएतापनि ससना मर्मत सम्भार छायाँनाथ रारा नगरपालिका नगर प्रमुख श्रमदान अभियान कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम श्रमदानबाट बाट पनि गराउन सक्नेछ।

(५) उपदफा (३) र (४) मा जुबसुकै कुरा लेखिएको भए तापनि दफा ११ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लेखित मर्मत सम्भार गर्नको लागि छायाँनाथ रारा नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा भएको प्रक्रिया पुरा गरि एक जना जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको जनशक्तिको योग्यता, सेवा सुविधा, पारिश्रमिक छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१३.** **मर्मत सम्भार कार्य नीतिगत व्यवस्था:** (१) मर्मत सम्भारको कर्य गर्न देहाय बमोजिमको नीतिहरू रहेकोछ,

(क) अत्यावश्यक मर्मत गर्नै पर्ने स्थल तथा पूर्वाधारहरूको पहिचान गरि तत्काल मर्मतको च्यवस्था गर्ने,

(ख) नगरपलिका भित्र भवन निर्माण आचारसंहिता बमोजिम भौतिक संरचना निर्माण गर्न गराउने,

(ग) नगरपालिकामा विपद् जिखिम व्यवस्थापन योजना त्जुमा तथा कार्यान्वयन गर्ने,

(घ) सडकमा बनेका खाल्डाखुल्डीको मर्मत गरि सडक दुर्घटना न्यून गर्ने वातावरण सिर्जना गर्ने,

(ङ) बर्षैभरी विना अवरोध सडक संरचना चुस्त दुरूस्त सञ्चालनमा आउने वातावरण सिर्जना गर्ने,

(च) पारकृतिक, धार्मिक, साँस्कृतिक मगत्वका भौतिक संरचनाहरूको अव्यवस्थित अवस्थामा सुधार ल्याउने,

(छ) अव्यवस्थित भौतिक संरचना तथा समजोर सडक सञ्चालहरूले गर्दा उत्पन्न हुनसक्ने मानवीय तथा अन्य क्षतिहरू न्यूनिकरण गर्ने।

**१४.** **अनुगमन:** (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको कार्यान्वयनका सम्बन्धमा व्ययवस्थापन समितिको संयोजकले तोकेको व्यक्तिलाई पठाई अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरेपछि सम्बन्धित व्यक्तिले व्यवस्थापन समिति समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने छ।

**१५.** **प्रगति प्रतिवेदन पेश गर्नु पर्ने:** (१) मर्मत तथा पुननिर्माण भएका संरचनाको प्रगति प्रतिबेदन सम्बन्धित व्यक्ति वा व्यवस्थापन समितिको सदस्य सचिवले व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) व्यवस्थापन समितिले उपदफा (१) बमोजिम प्राप्त प्रगति प्रतिवेदन एकिकृत गरी नगर विपद् व्यवस्थापन समिति तथा नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१६.** **दोहोरोपना हुन नहुने:** (१) यस कार्यविधि बमोजिमको मर्मत तथा पुननिर्माण कार्य सञ्चालन गर्दा नगरपालिकाको पुननिर्माण कोष वा अन्य स्रोतको खर्चमा दोहोरोपना नहुने गरी सञ्चालन गर्नु पर्नेछ।

(२) मर्मत तथा पुननिर्माण कार्यमा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित नगर कार्यपालिकाको हुनेछ।

१७. **कार्यविधीमा संशोधनः** (१) मर्मत सम्भार कोष सञ्चालन कार्यविधीमा संशोधन, परिमार्जन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट संशोधन गर्न सक्ने छ।

१८. **खारेजी र बचाऊः** (१) यस कार्यविधिमा उल्लेख भएको कुराहरूको हकमा यसै कार्यविधी अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

(२) यस कार्यविधिमा लेखिएको कुराहरू प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन सँग बाझिएको हदसम्म स्वत निष्कृय हुनेछन।

(३) कुनै कारणबाट कोष सञ्चालन हुननसकेमा नगरकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ।

(४) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दातित्व छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ।

प्रकाशित मिति २०८२/१२/०९

आज्ञाले
पूण्य प्रभा देवकोटा
नि. प्रमुख प्रशासकीय अधिकृत